**देवघाट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**देवघाट, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**

**नदीजन्य पदार्थको बिक्रीका लागि ई-बिडिङ्ग मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मितिः २०७९/१०/२४)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) र गण्डकी प्रदेशको आर्थिक ऐन, २०७८ को दफा ८ तथा देवघाट गाउँपालिकाको आर्थिक ऐन, २०७८ को दफा १४ को व्यवस्था बमोजिम तपसीलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी देवघाट गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसील बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसीलः**

| सि.नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्र को नाम | उत्खनन परिमाण (घन मि.) | न्यूनतम बोलपत्र रकम (मू.अ. कर र अग्रिम आय कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | १५-२०७९/०८० | भुवनटारघाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, संकलन तथा व्यवस्थापन कार्य | २४,००० घ.मि. | ५९,२८,२१६.०० | बोल कबोल अंकको ५% रकम | ३०००/- |

**शर्तहरुः**

फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी, बोलपत्र फाराम दस्तुर यस कार्यालयको सिद्धार्थ बैंक शाखा कार्यालय देवघाटमा रहेको आन्तरिक राजश्व खाता नं. ००८१५४१२९२१ मा नगद जम्मा गरेको नगद भौचर विद्युतिय माध्यमबाट बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धि कागजातहरु डाउनलोड गरी अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै पछिको कार्यालय खुल्न दिन उल्लेखित कार्य हुनेछ ।

बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको मू.अ.कर अंक सहितको ५ प्रतिशतको दरले हुन आउने धरौटी (बिडबण्ड) रकम यस कार्यालयको सिद्धार्थ बैंक देवघाट शाखामा रहेको धरौटी खाता नं. ००८१५१६९८६३ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड संलग्न गरी पेश गर्नु पर्नेछ ।

बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मार्फत अनलाइन पेश गर्नु पर्नेछ ।

रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

बोलपत्र सम्बन्धित जानकारी यसै सूचना बमोजिम हुने तथा विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

बोलपत्र स्वीकृत भएमा स्वीकृत भएको मितिले ७ दिनभित्र आफूले कबोल गरेको मू.अ.कर सहितको हुन आउने १० प्रतिशत रकम यस कार्यालयको सिद्धार्थ बैंक लि.मा रहेको धरौटी खाता नं. ००८१५१६९८६३ मा जम्मा गरी वा नेपाल सरकारद्वारा मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाउँमा जारी गरिएको परफरमेन्स बण्ड र कबोल अंकको प्रथम किस्ता बापत मू.अ.कर तथा अग्रिम आय कर सहितको ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ता बापतको ५० प्रतिशत रकम सम्झौतामा उल्लेखित मितिमा बुझाउनुपर्नेछ । साथै उत्खनन परिमाणको प्रति घ.मि. रु. १० का दरले वातावरण शुल्क गाउँपालिकालाई बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी कानूनी प्रक्रिया गरिनेछ र नियमानुसार ठेक्का बन्दोबस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, यस गाउँपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको website: www.devghatmun.gov.np मा समेत हेर्न सकिनेछ ।

रमेश सुवेदी
**प्रमुख प्रशासकीय अधिकृत**